# मेचीनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश

प.स. ०८१/०८२
च.न. ४२५८

**सुरक्षा गार्ड सेवा प्रदान गर्न प्रस्ताव आह्वान गरिएको सूचना**
**सूचना प्रकाशन मितिः २०८१/१२/०७**

प्रस्तुत विषयमा मेचीनगर नगरपालिका अन्तर्गत मेचीनगर नगर आधारभूत अस्पताल धुलाबारीमा कामकाज गर्ने गरी सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९५ तथा मेचीनगर नगरपालिका सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी कार्यविधि, २०८१ वमोजिम संस्था करारको माध्यमबाट २ (दुई) जना सुरक्षागार्ड आवश्यक परेको हुँदा प्रचलित कानूनवमोजिम दर्ता भइ सञ्चालित सोही प्रकृतिको सेवा प्रदान गर्ने संस्थाहरुबाट प्रतिष्पर्धात्मक प्रस्ताव माग गरी सेवा करारमा लिने निर्णय भएकोले यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन (मिति २०८१/१२/२१ गते) कार्यालय समयभित्र यस कार्यालयमा खामबन्दी गरी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

१. **सेवाको प्रकृतिः** मेचीनगर आधारभूत अस्पतालको सुरक्षा व्यवस्थापन तथा भिडभाड व्यवस्थापनका लागि नियमित २ (दुई) जना सुरक्षागार्ड उपलब्ध गराउनुपर्ने ।
२. **सेवा करार अवधिः** करार सम्झौता भएको मितिदेखि १ (एक) वर्ष ।
३. **सेवा प्रदान गर्नुपर्ने स्थानः** मेचीनगर नगर आधारभूत अस्पताल धुलाबारी अन्तर्गत ।
४. **सेवा शुल्क भुक्तानीको शर्तः** कार्यालयबाट प्रमाणित हाजिरीको आधारमा मासिक रुपमा करार सम्झौता बमोजिम सेवा शुल्क भुक्तानी हुने, उक्त रकममा कानूनवमोजिम १५% पारिश्रमिक कर कट्टी हुने ।
५. **प्रस्तावसाथ पेश गर्नुपर्ने** कागजातः प्रस्तावपत्र (मुल्य अभिवृद्धि कर सहित आर्थिक प्रस्ताव समेत संलग्न गर्ने) संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०/८१ सम्मको करचुक्ता प्रमाणपत्र, चालु आ.व. मा मेचीनगर नगपालिका नगर कार्यपालिकाको कार्यालयमा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपी अन्य आवश्यक कागजातहरु।

अनन्त प्रकाश वस्ती
अधिकृतस्तर नवौं
प्रमुख, प्रशासन, योजना तथा अनुगमन शाखा

फोनः ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकलः ०२३-५६२५०४
Website: www.mechinagarmun.gov.np, Email: mechinagarmun@gmail.com